श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३६ सालको ऐन नं. २०

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### जग्गा (नाप जाँच) ऐन, २०१९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : जग्गा (नाप जाँच) ऐन, २०१९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "जग्गा (नाप जाँच) (पाँचौं संशोधन) ऐन, २०३६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ८ मा संशोधनः जग्गा (नाप जाँच) ऐन, २०१९ (यसपछि "मूल ऐन" भनिएको) को दफा ८ को उप-दफा (२) मा रहेको "दर्ता-पूर्जा पाएको मितिले पैंतालीस दिनभित्र" भन्ने शब्दहरूको सट्टा "दर्ता-पूर्जा पाएको मितिले एकसय बीस दिनभित्र" भन्ने शब्दहरू राखिएका छन् ।

३. मूल ऐनको दफा १० मा संशोधनः (१) मूल ऐनको दफा १० को,–

(१) उप-दफा (१) को खण्ड (इ) र (ई) को सट्टा देहायको खण्ड (इ) र (ई) राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(इ) अन्य क्षेत्रको खेत जग्गा:–

(क) अव्वल: धान बाली लाग्ने कुलो पानीको बाह्रै महीना सुविधा भएको वेसीमा केही समथरिलो भएको र असल माटो भएको ३००० फीट उचाइसम्मको जग्गा खेत अव्वल हुन्छ।

(ख) दोयम: कुलो पानीले पाँच छ महीनासम्म सिंचाइ हुने वा वर्षामा कुलो लाग्ने असल माटो भएको ३००० फीट उचाइसम्मको जग्गा वा कुलो पानीको व्यवस्था भएको असल माटो भएको ३००० फीट उचाइभन्दा माथि ४००० फीट उचाइसम्मको जग्गा खेत दोयम हुन्छ।

(ग) सीम: कुलो पानीले बढीमा दुई महीनासम्म सिंचाइ हुन सक्ने केही बालुवा ढुंगा मिसिएको ३००० फिट उचाइसम्मको जग्गा वा असल माटो भएको दुई महीनाभन्दा बढी पानीको सुविधा भै रहने जग्गा वा केही बालुवा ढुंगा मिसिएको चाँडै पानी सुक्ने तर दुई महीनाभन्दा बढी पानीको व्यवस्था भै रहने ३००० फीट उचाइभन्दा माथि४००० फीट उचाइसम्मको जग्गा वा असल माटो भएको वर्षको पाँच महीना भन्दा बढी पानीको व्यवस्था भै रहने ४००० फीट उचाइ भन्दा माथि ५००० फीट उचाइसम्मको जग्गा खेत सीम हुन्छ।

(घ) चाहार: बलौटे ढुंगेन माटो भएको पानी चाँडै सुक्ने र कुनै साल मात्र धान लाग्ने टार जग्गा वा ज्यादै भिरालो परी हलो चलाउन नसकिने ३००० फीट उचाइसम्मको जग्गा वा कुटो कोदालो मात्र चलाई खेती गर्नुपर्ने ३००० फीट उचाइभन्दा माथि ४००० फीट उचाइसम्मको साना साना पाटो आवादी गरेको भीरको जग्गा वा वर्षामा पहाडबाट आउने भलले ढुंगा बालुवा थुपारेको र हलो लगाउन नसकिने गरी वर्षाको खहरेले जमीन चिरा चिरा गरी काटेको ३००० फीट उचाइ भन्दा माथि ४००० फीट उचाइसम्मको जग्गा वा असल माटो भए पनि उत्तर पश्चिम वा उत्तर पूर्व भिरालो परेको ३००० फिट उचाइ भन्दा माथि ४००० फीट उचाइसम्मको जग्गा वा असल माटो भए पनि वर्षाको भरले खेती हुने वा पानीको सुविधा भए पनि बालुवा ढुंगा मिसिएको वा उत्तर भिरालो परेको ४००० फीट उचाइभन्दा माथि ५००० फीट उचाइसम्मको जग्गा वा ५००० फीटभन्दा माथि उचाइमा परेको धान खेती हुन सक्ने जग्गा खेत चाहार हुन्छ।

आधिकारिकृत मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ई) अन्य क्षेत्रको पाखो जग्गाः–

(क) अवलः असल मलिलो माटो वा धेरै भिरालो नभई हलो चल्न सक्ने पानीको व्यवस्था भएमा तीन महीनामा बाली पाक्ने तापक्रम पुग्न सक्ने २००० फीट उचाइसम्मको बेसी जग्गा पाखो अवल हुन्छ ।

(ख) दोयमः बालुवा ढुंगा केही नभई अलि कमसल माटो भै भिरालो नभएको हलो लाग्न सक्ने २००० फीट उचाइसम्मको वा असल माटो भए पनि बेसीभन्दा ढिलो बाली पाक्ने तापक्रम पुग्न सक्ने २००० फीट उचाइभन्दा माथि ४००० फीट उचाइसम्मको जग्गा पाखो दोयम हुन्छ ।

(ग) सीम : बलौटे ढुंगेन माटो भएको वा असल माटो भए पनि भिरालो बढेकोले कान्लाको व्यवस्था गरी मात्र खेती हुने २००० फीट उचाइसम्मको जग्गा वा असल माटो भए पनि उत्तर पूर्व उत्तर पश्चिम मोहडा परेको ढिलो सूर्योदय वा चाँडो सूर्यास्त हुने शीतको प्रकोपले चाँडो बाली पाक्न नसक्ने वा मल र उब्जाउ माटो वर्षाको भलले बगाउन नदिने आली कान्लाको व्यवस्था भएपनि ढुंगेन माटो भएको २००० फीट उचाइभन्दा माथि ४००० फीट उचाइसम्मको जग्गा वा असल माटो भएको ४००० फीट उचाइभन्दा माथि ६००० फीट उचाइसम्मको जग्गा वा उत्तर पूर्व वा उत्तर पश्चिम मोहडा परेको ढिलो सूर्योदय वा चाँडो सूर्यास्त हुने र शीतको प्रकोपले बाली पाक्न नसक्ने वा मल र उब्जाउ माटो वर्षाको पानीले बगाउन नदिने आली कान्ला नभएको ४००० फीट उचाइभन्दा माथि ६००० फीट उचाइसम्मको जग्गा पाखो सीम हुन्छ ।

(घ) चाहार : बलौटे ढुंगेन माटो भएको बेसीतर्फको जग्गा वा ज्यादै भिरालो भएकोले बाली लगाउन निमित्त कुटो कोदालोसमेत चलाउन मुश्किल पर्ने झाडीहरूको आड लिएर जानु पर्ने ४००० फीट उचाइसम्मको जग्गा वा ४००० फीट उचाइभन्दा माथि ६००० फीट उचाइसम्मको कमसल खालको जग्गा वा असल माटो भएपनि भिरालो बढी परेको वा उत्तर मोहडा परेको जग्गा वा ६००० फीट उचाइभन्दा माथि ८००० फीट उचाइसम्मको जग्गा भीट चाहार हुन्छ ।

तर अलैंची र स्याउखेती लगाएको जग्गा पनि भीट चाहार हुन्छ ।

१४

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) ८००० फीट उचाइ माथिका सबै जग्गा पाखो पाँचौं तह हुन्छ ।

स्पष्टीकरण : यस उप-दफाको प्रयोजनको लागि तराई क्षेत्र भन्नाले चुरे पहाडदेखि दक्षिणको समथल भएको क्षेत्रलाई जनाउँछ । अन्य क्षेत्र भन्नाले तराई क्षेत्रबाहेक नेपाल अधिराज्यका बाँकी क्षेत्रलाई जनाउँछ ।

तर त्यसरी किसिम छुटचाउँदा अन्य क्षेत्रमा पर्ने काठमाडौं उपत्यका, पोखरा उपत्यका, सुर्खेत उपत्यका र दाङ उपत्यकाको धनहर जग्गाका हकमा खण्ड (अ) बमोजिमको तरीकाले नै किसिम कायम हुने गरी छुटचाइनेछ ।"

(२) उप-दफा (४) पछि देहायको उप-दफा (५) थपिएको छ:–

"(५) उप-दफा (१) को खण्ड (इ) वा (ई) बमोजिमको क्षेत्रमा सोही खण्डबमोजिम कायम हुने किसिममा यस उप-दफा प्रारम्भ हुनुभन्दा अघि कायम भएको किसिमसित कुनै अन्तर पर्न गएमा त्यस्तो क्षेत्रको सम्बन्धमा श्री ५ को सरकारले दफा ३ बमोजिम आदेश जारी गरी पुन: किसिम छुटचाउन सक्नेछ ।"

४. मूल ऐनको दफा ११ मा संशोधन : मूल ऐनको दफा ११ को उप-दफा (२) पछि देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छ:–

"तर त्यसरी स्रेस्ता तयार गर्दा दफा १० मा उल्लेखित अन्य क्षेत्रका हकमा दफा ४ बमोजिम निकालिएको जग्गाको क्षेत्रफलमा पाखोतर्फ प्रति रोपनीमा ६ आना र खेततर्फ प्रतिरोपनी ४ आना जग्गाको दरले आली कान्ला बापत कटाई स्रेस्ता तयार गरिनेछ । यो प्रतिवन्धात्मक वाक्यांश प्रारम्भ हुनुभन्दा अघि तयार गरिएको स्रेस्तामा माथि लेखिएभन्दा कम दरमा आली कान्ला कट्टी गरिएको रहेछ वा आली कान्ला कट्टी गरिएको रहेनछ भने श्री ५ को सरकारले दफा ३ बमोजिम आदेश जारी गरी त्यस्तो स्रेस्तामा पनि यही प्रतिवन्धात्मक वाक्यांश बमोजिम कट्टा गरिनेछ ।"

लालमोहर सदर मिति:–२०३६।८।५।४

आज्ञाले–
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

४२२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।